श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंग बहादुर शाह बहादुर शम्शेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

२०१७ सालको ऐन नं. ४

## सम्पत्तिको मूल्यांकन र त्यसमा लाग्ने करको रकम निर्धारण गरी असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन,

आर्थिक ऐन, २०१६ ले शहरी क्षेत्रको घर जग्गा र विदेशी लगानीमा कर लगाउने व्यवस्था गरेको,

र त्यस्तो घर जग्गा र विदेशी लगानीको मूल्यांकन र त्यसमा लाग्ने करको रकम निर्धारण गरी असूल उपर गर्ने कार्यप्रणाली व्यवस्थित गर्नु परेकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासनकालको छैठौं वर्षमा संसदले यो ऐन बनाएको छः—

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः– (१) यो ऐनको नाम सम्पत्ति कर ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ र नेपाल अधिराज्यमा सम्पत्ति भएको नेपाल अधिराज्य बाहिर बसोबास गर्ने व्यक्ति उपर पनि लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः—

(क) 'शहरी क्षेत्रको घर जग्गा' भन्नाले श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएका शहरी क्षेत्रमा रहेका घर र त्यसको लगापात भित्रको जग्गा सम्झनु पर्छ ।

(ख) 'लगापात भित्रको जग्गा' भन्नाले घरको कम्पाउण्ड भित्रको सुरक्षित किसानले भूमि सम्बन्धी ऐन अनुसार हक प्राप्त गर्न नसक्ने जग्गा सम्झनु पर्छ ।

53

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) 'विदेशी लगानी' भन्नाले नेपाली नागरिकले विदेशमा लगाई राखेको सरकारी सिक्युरिटी, शेयर, बैंक एकाउण्ट, घर जग्गामा लगाएको रकम तथा अरू सबै किसिमको नगदी लगानीलाई समेत जनाउँछ ।

तर नेपाल अधिराज्यमा निकासी पैठारी गर्न सुविधाको लागि खोलेको चल्ती खाता (Current Account) लाई लिइने छैन ।

(घ) 'सम्पत्ति कर' भन्नाले देहायका कर सम्झनु पर्छ—

(१) शहरी क्षेत्रको घर जग्गामा कर, र

(२) विदेशी लगानीमा कर ।

(ङ) 'तोकिएको' वा 'तोकिए बमोजिमको' भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. सम्पत्ति कर निर्धारण र असूल गर्ने:– साल बसाली वा कुनै एक सालको निमित्त सम्पत्ति कर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो सम्पत्ति कर यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बमोजिम निर्धारण गरी असूल उपर गरिने छ ।

४. विवरण दाखिल गर्ने कर्तव्य:– (१) प्रत्येक सालको भाद्र १ गते भित्र यो ऐन वा प्रचलित ऐन बमोजिम सम्पत्तिकर तिर्नु पर्ने कर्तव्य भएका व्यक्तिले आफू साधारणतः बसोबास गरेको इलाकाको सम्पत्ति कर अफिसर छेउ आफ्नो घर जग्गा र विदेशी लगानीको तोकिएको ढाँचाको विवरण दाखिल गर्नु गराउनु पर्छ ।

तर—

(क) आर्थिक वर्ष २०१६।१७ को यो दफा बमोजिमको विवरण यो ऐन नेपाल गजेटमा प्रकाशित भएको मितिले ३ महीनाभित्र दाखिल गर्नु गराउनु पर्छ ।

(ख) साधारणतः नेपाल अधिराज्य बाहिर बसोबास गरेका व्यक्तिले त्यस्तो विवरण काठमाडौंको सम्पत्तिकर अफिसर छेउ दाखिल गर्नु गराउनु पर्छ, यदि कुनै कर दाताले आफ्नो घर जग्गा भएको इलाकाको सम्पत्ति कर अफिसरद्वारा घर जग्गा र विदेशी लगानीको मूल्यांकन र कर निर्धारण गराउन चाहेमा तोकिएका अधिकारीले सो इलाकाको सम्पत्तिकर अफिसरद्वारा कारवाई गराउन सक्ने छ ।

(ग) यो ऐन बमोजिम सम्पत्तिकर तिर्नु पर्ने नाबालक वा बौलाहा वा लाटा लाटी भएमा निजको घर जग्गा र विदेशी लगानीको विवरण दाखिल गर्ने कर्तव्य निजको संरक्षकको हुनेछ ।

(२) उपदफा (१) अन्तर्गत दाखिल गर्नु गराउनु पर्ने विवरण कसैले दाखिल नगरे नगराएमा वा झुट्टा विवरण दाखिल गरे गराएमा त्यस्तो व्यक्तिलाई सम्पत्तिकर अफिसरको आदेशले रु. ५०००। पाँच हजार सम्म जरिवाना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यो ऐन वा प्रचलित ऐन बमोजिम कर लाग्ने घर जग्गा वा विदेशी लगानी भएको भनी कुनै व्यक्ति उपर शंका लागेमा सम्पत्ति कर अफिसरले त्यसको विवरण दाखिल गर्नू भनी निजलाई लिखित आदेश पठाउन सक्ने छ । सो व्यक्तिले पनि आफ्नो घर जग्गा र विदेशी लगानीको तोकिएको ढाँचाको विवरण लिखित आदेश पाएको ३५ दिनभित्र निज अफिसर छेउ दाखिल गर्नु गराउनु पर्छ ।

(४) उपदफा (३) अन्तर्गत दिइएको आदेश पालन नगर्ने व्यक्ति लाई सम्पत्ति कर अफिसरले रु. ५००। पाँच सयसम्म जरिवाना पनि गर्न सक्ने छ ।

५. शहरी क्षेत्रको घर जग्गाको मूल्यांकन:– शहरी क्षेत्रको घर जग्गामा प्रचलित ऐन बमोजिम लाग्ने सम्पत्तिकरको प्रयोजनको निमित्त त्यस्तो घर जग्गाको मूल्यांकन सम्पत्तिकर अफिसरले तोकिएको सिद्धान्तको आधारमा तोकिएको रीत बमोजिम गर्नेछ ।

६. विदेशी लगानीको मूल्यांकन:– विदेशी लगानीमा प्रचलित ऐन बमोजिम लाग्ने सम्पत्तिकरको प्रयोजनको निमित्त त्यस्तो लगानीको मूल्यांकन सम्पत्ति कर अफिसरले गर्नेछ र त्यस्तो मूल्यांकन गर्दा:––

(क) सरकारी सिक्यूरिटी, शेयर, बैंक एकाउण्ट र अरू किसिमको नगदी जिन्सी लगानीको मोल आर्थिक वर्ष शुरु हुने दिनको बजार भाउ बमोजिम कायम गरिने छ र बजार भाउ ननिक्लेकोमा अंकित मूल्य बमोजिम कायम गरिने छ ।

(ख) घर जग्गाको मोल तत् स्थानको म्युनिसिपल्टीले निर्धारित गरेको किराया दर (रेन्टलभेल्यू ) को आधारमा कायम गरिने छ ।

७. सम्पत्ति करको निर्धारण:– (१) सम्पत्ति कर अफिसरले घर जग्गा र विदेशी लगानीको विवरण दाखिल भएपछि यथाशक्य १ महीनाभित्र सो सालको लागि यो ऐन बमोजिम असूल गर्नु पर्ने सम्पत्तिकरको रकम निर्धारण गर्नेछ ।

(२) प्रत्येक सालको निमित्त कुनै शहरी क्षेत्रको घर जग्गा र विदेशी लगानीमा लाग्ने सम्पत्तिकर निर्धारण गर्दा कानूनी मान्यता प्राप्त हक अधिकार भई साल सालको श्रावण १ गतेका दिनमा जसको भोग चलनमा रहेका छन् तिनकै नाममा सो घर जग्गा र विदेशी लगानीलाई कायम मानेर कर निर्धारण गरिनेछ ।

तर २०१६।१७ को हकमा २०१६ साल श्रावण २५ गते पछि रजिष्ट्रेशन पास भएको वा जिमिदार वा तालुकदार वा बैंक मार्फत् नामसारी भएकोलाई यो ऐनको प्रयोजनको निमित्त मान्यता दिइने छैन ।

(३) अवस्थानुसार सम्पत्तिकर अफिसरले त्यस्तो कर निर्धारण गर्दा करदाताद्वारा दाखिल भएका विवरण माथि उचित विचार गर्ने र त्यसको जाँच बुझको प्रयोजनको लागि सम्बन्धित व्यक्तिका नाउँमा समन जारी गर्ने, बयान बकपत्र गराउने र लिखतहरू दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको सबै अधिकार निजलाई हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस दफा अन्तर्गत कारवाई हुँदा ७ दिनसम्मको लागि अर्जी खबर गरेमा वा गुज्रको म्याद तारेख थाम्न ७ दिन भित्रै सम्पत्ति कर अफिसर छेउ आफैं वा वारेस हाजिर भै दरखास्त गरेमा सम्पत्तिकर अफिसरले अर्जीलाई स्वीकृति दिन वा म्याद तारेख थामी दिन सक्ने छ। सो भन्दा बढीको निमित्त अर्जी लाग्न वा गुजारेको म्याद तारेख थामिन सक्ने छैन।

८. विवरण दाखिल नगर्ने व्यक्तिको सम्बन्धमा घर जग्गाको मूल्यांकन र सम्पत्ति करको निर्धारणः- दफा ४ को उपदफा (१) वा (३) बमोजिम विवरण दाखिल गर्नु पर्ने कर्तव्य भएको कुनै व्यक्तिले त्यस्तो विवरण दाखिल नगरे नगराएमा वा झुट्टा विवरण दाखिल गरे गराएमा दफा ५ र दफा ६ को अधीनमा रही सो व्यक्तिको घर जग्गा र विदेशी लगानीको मूल्यांकन र सम्पत्तिकरको निर्धारण सम्पत्तिकर अफिसरले आफ्नो यथाशक्य न्यायोचित अनुमानबाट गर्नेछ।

९. सम्पत्ति करको भुक्तानीः– दफा ७ वा दफा ८ अन्तर्गत निर्धारित गरिएको सम्पतिकरको रकम कर निर्धारणको आदेश प्राप्त भएको ३५ दिन भित्रमा सम्पत्ति धनीले सोही आदेशमा तोकिएको अड्डामा दाखिल गर्नु गराउनु पर्दछ। सो दाखिल नगरिएमा सम्पत्ति कर अफिसरको सूचना अनुसार सो रकम स्थानीय माल अड्डाले प्रचलित नेपाल कानूनको कार्य प्रणाली बमोजिम जायजाद गरी असूल उपर गरी लिनेछ।

१०. अपीलः– (१) कुनै सम्पत्तिकर अफिसरले यो ऐनको दफा ४, दफा ५, दफा ६, दफा ७ वा दफा ८ अनुसार गरेको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सूचना पाएका ३५ दिन भित्र स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट समक्ष अपील गर्न सक्ने छ।

(२) स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटबाट भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले निर्णयको सूचना पाएका ३५ दिन भित्र आय र कर अदालतमा अपील गर्न सक्ने छ।

तर—आफूलाई लाग्ने ठहरिएको करको रकम वा जरिवाना वापतको रूपैयाँ धरौटी वा त्यति अंकको धनजमानी नराखेसम्म निजको त्यस्तो कुनै अपील लाग्ने छैन।

(३) यो ऐन बमोजिम असूल भएको वा धरौटी दाखिल भएको रूपैयाँ मध्येबाट करदाताले केही वा जम्मै फिर्ता पाउने गरी अपील सुन्ने अधिकारीले निर्णय गरेमा अपील दिने म्याद नाघेपछि वा अन्तिम निर्णय भएपछि सम्पत्तिकर अफिसरले सो फिर्ता दिनुपर्ने रूपैयाँ तुरुन्तै करदाता हस्ते खर्च लेखी आम्दानी दाखिल गर्नु पर्ने जति नेपाल राष्ट्र बैंक या माल अड्डामा दाखिल गराउने छ।

११. सम्पत्ति कर माफी गर्ने श्री ५ को सरकारको अधिकारः– (१) शहरी क्षेत्रको कुनै घर भत्की बिग्री बस्न नहुने भएमा श्री ५ को सरकारले त्यस्तो घरमा प्रचलित ऐन बमोजिम लाग्ने सम्पत्तिकरको केही भाग वा पूरा माफी गर्न सक्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) औषधालय, देवालय, पाटी, पौवा, धर्मशाला, पब्लिक स्कूल, अनाथालय, परोपकारी तथा धर्मकार्यमा लगाइएका शहरी क्षेत्रको घर जग्गामा प्रचलित ऐन बमोजिम लाग्ने सम्पत्तिकरको केही भाग वा पूरा श्री ५ को सरकारले माफी गर्न सक्ने छ ।

(३) कुनै व्यक्तिले विदेशमा लगाई राखेको लगानी २०१६ साल चैत्र मसान्त भित्रमा नेपाल अधिराज्य भित्र फिर्ता ल्याएकोमा त्यस्तो विदेशी लगानी उपर २०१६।१७ सालमा लगाइएको सम्पत्तिकर सम्पत्ति धनीलाई फिर्ता गरिने छ ।

१२. सांचो सूचना दिनेलाई इनामः– दफा ४ बमोजिम विवरण दाखिल गर्नु पर्ने कर्तव्य भएका कुनै व्यक्तिले सो नगरे नगराएको वा झुट्ठा विवरण दाखिल गरे गराएको कुराको साँचो सूचना दिने व्यक्तिलाई सो कुरा ठहर भएपछि दोषी व्यक्तिबाट असूल उपर भएमा सम्पत्ति करको अंकको सयकडा २० बीस श्री ५ को सरकारका आदेशले इनामको रूपमा दिइने छ ।

१३. लागू नहुनेः– शंका निवारणको लागि स्पष्ट गरिन्छ कि श्री ५ महाराजाधिराजको निजी सम्पत्ति, श्री ५ को सरकार अधीनस्थ सम्पत्ति, स्थानीय स्वायत्त शासन संस्थाहरूको सम्पत्ति र विदेशी सरकारको सम्पत्ति सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमका कुनै कुरा लागू हुने छैन ।

१४. सम्पत्ति कर अधिकारीहरूः– (१) श्री ५ को सरकारले आवश्यक ठानेको संख्यामा यस ऐनको प्रयोजनको निमित्त सम्पत्तिकर अधिकारीहरू नियुक्त गर्न सक्ने छ ।

(२) कुनै सम्पत्ति कर अफिसरको मातहतमा कति इलाका वा गाउँ मौजा राख्ने हो भन्ने कुरा श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा निर्धारण गर्नेछ ।

(३) कुनै सम्पत्तिकर अफिसरले आफू मुनिका कुनै सम्पत्तिकर अधिकारीलाई आफ्नो अधिकार मध्ये केही वा जम्मै लिखित रूपमा सुम्पन सक्ने छ । यसरी सुम्पिएको अधिकार बमोजिम निजले गरेको काम सम्पत्तिकर अफिसरले गरेको सरह मान्यता हुनेछ ।

(४) करदाताबाट यस ऐनको दफा ४,७ र १० बमोजिम दाखिल भएका कागजपत्रहरू अतिगोप्य सम्झिने छ । सरकारी कर सम्बन्धी कारवाईलाई सिवाय अरू कामलाई प्रकाश गरिने छैन र यस्तो कागजपत्र सम्पत्तिकरको प्रयोजनको निमित्त बाहेक अन्य कुरामा कुनै अदालतमा प्रमाण लाग्ने छैन ।

(५) श्री ५ को सरकारले यो ऐन बमोजिम आफूले पाएका सबै वा केही अधिकार नेपाल गजेटमा सूचना प्रकाशित गरी सम्पत्ति कर अधिकारीलाई सुम्पिन सक्ने छ ।

१५. सम्पत्ति कर अध्यादेश, २०१६ खारेज वा निष्क्रिय भएपछि त्यसको परिणामः– सम्पत्तिकर अध्यादेश, २०१६ खारेज वा निष्क्रिय भएपछि, अर्कै अभिप्राय नदेखिएमा, सो खारेजी वा निष्क्रियताले––

(क) खारेज वा निष्क्रिय हुँदाको बखत कायम नभएको कुनै कुरालाई जगाउँदैन, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्दैन वा,

(ग) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम पाएको हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्दैन, वा

(घ) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश विरुद्ध गरेको कुनै कसूर बापत गरिएको कुनै दण्ड सजायं वा जफतलाई असर पार्दैन, वा

(ङ) माथि लेखिएको त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजाय जफतका सम्बन्धमा गरिएको कुनै तहकिकात, कानूनी कारवाई वा उपायलाई असर पार्दैन, र उक्त अध्यादेश कायम छँदा सरह गरी त्यस्तो कुनै तहकिकात, कानूनी कारवाई वा उपायलाई शुरू गर्न चालू राख्न वा लागू गर्न सकिने छ र त्यस्तो दण्ड सजाय वा जफत पनि गरिनेछ ।

१६. नियम बनाउने अधिकार:– यो ऐन को उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्ने छ ।

लालमोहर सदर मितिः २०१७।२।२।१

आज्ञाले--
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारको का. मु. सचिव
कानून मन्त्रालय ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।